# लेखापरीक्षण प्रतिवेदन

## बुलिङटार गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बुलिङटार गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/13

श्रीमान अध्यक्षज्यू,

बुलिङटार गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/13

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान अध्यक्षज्यू ,

बुलिङटार गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. त्यस गाउँपालिकाको लेखापरीक्षणबाट रु.६० लाख ८९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.२० लाख ६७ हजार फस्योंट भई प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख १६ हजार, नियमित गर्नुपर्ने रु.९ लाख ८४ हजार र पेश्की बाँकी रु.१० लाख २० हजार गरी जम्मा रु.४० लाख २१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१२ करोड ८६ लाख ४४ हजारमध्ये रु. २३ हजार फस्योंट भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.१३ करोड २६ लाख ४२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसै गरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा**-लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | १८ | ६०,८९,०२९ | ० | १२ | २०,६७,५४५ | ० | ६३ | ६ | ४०,२१,४८४ | ० | ९,८४,८०६ | २०,१६,६७८ | ० | ० | ३०,०१,४८४ | १०,२०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पूर्व | १२,८६,४४,६४० | ० | २३,५९० | १२,८६,२१,०५० | ० | ४०,२१,४८४ | १३,२६,४२,५३४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको बेहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट संपरीक्षण भएको** | | | |
| १ | २०८१/८२ | सवारी साधन सुविधा | ७२,००० |
| २ | २०८१/८२ | राजस्व | ५,००,००० |
| ३ | २०८१/८२ | प्रदेश समपुरक कोष | ८,७२,६९४ |
| ४ | २०८१/८२ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) | ४०,८०० |
| ५ | २०८१/८२ | कम्प्युटर | ५,८२,०५१ |

| | | | |
|---|---|---|---|
| जम्मा | | | **२०,६७,५४५** |
| **गत विगत आर्थिक वर्षहरूको संपरीक्षण** | | | |
| ६ | २०७९/८० | भुक्तानीमा कर | २३,५९० |
| **कुल जम्मा** | | | **२०,९१,१३५** |

# बुलिङटार गाउँपालिका, नवलपुर

# ( ८०४४६५०२३०० )

# बुलिङटार गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १४७.६८ वर्ग किलोमिटर तथा जनसंख्या १४,६४६ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।३ देखि २०८२।८।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्यय समेतको रु.१ अर्ब ४ करोड ७६ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा देहायबमोजिम रु.१४६८०७२ असुल भई सम्बन्धित कोषमा दाखिला भएको छ ।

| विवरण | रकम | मिति | दाखिला भएको कोष |
|---|---|---|---|
| दहत्तर बहत्तर लगायत शुल्क बाँडफाँट | ११०७९७९ | २०८२।८।१६ | प्रदेश सञ्चित कोष |
| आय ठेक्कामा मूल्य अभिवृद्धि कर बेदर्तावालाबाट संकलन | ३६००९३ | २०८२।८।१६ | सङ्घीय सञ्चित कोष |
| जम्मा | १४६८०७२ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन देहायबमोजिम रहेको छः-

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | | ६२३५४४९७.५५ | चालु खर्च | | २८४३११०७०.७४ |
| १.सञ्चित कोष | ५३६६९८१७.२५ | | १. पालिका तर्फ | ९८३५६०८१.३४ | |
| २.धरौटी | २१३३५३०.०० | | २.संघीय सशर्त | १८५९५४९८९.४० | |
| ३.विविध खर्च खाता | २९७७९२.७० | | ३.संघीय विशेष | | |
| ४.प्रकोप व्यवस्थापन कोष | ३०२२४१८.०० | | ४.प्रदेश सशर्त | | |
| ५.अन्यकोष (विभाज्य कोष) | ३२३०९३९.६० | | ५.प्रदेश विशेष | | |
| **यसवर्षको आय** | | ४९३८३८०.४२ | पुँजीगत खर्च | | ११३६५९४७४.०० |
| **१. क.आन्तरिक आय** | ३२२२८३७.८२ | | १.पालिका तर्फ | ८३२८४२५२.०० | |
| **ख. दहत्तर बहत्तर शुल्क बाडफाड बाट प्राप्त आय** | १७१५५४२.६० | | २.संघीय सशर्त | १२३४४७५९.०० | |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | ४१४२४६०३१.२६ | ३.संघीय विशेष | १२३६२४६३.०० | |
| क)समानीकरण अनुदान | ७५११५१४४०.०० | | ४.संघीय समपूरक | | |
| ख)राजस्व बाँडफाँट | ७९५०४३२४.२७ | | ५.प्रदेश सशर्त | | |
| ग)सशर्त अनुदान | २४३४६६१६०.०० | | ६.प्रदेश विशेष | २६६८०००.०० | |
| घ)समपुरक अनुदान | ०.०० | | ७.प्रदेश समपूरक | ३००००००.०० | |
| ङ)विशेष अनुदान | १४५००००००.०० | | अन्तर सरकारीअख्तियारी (संघ) | | ७४२८६०९३.०० |
| च)रोयल्टी | १६२४१०६.९९ | | क) सामाजिक सुरक्षा | ७४२८६०९३.०० | |
| छ) अन्य | | | ख) गरिबसँग विशेश्वर कार्यक्रम | | |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | | २२०१५८६६.९८ | अन्तर सरकारीअख्तियारी (प्रदेश) | | |
| क)समानीकरण अनुदान | १०२७७०००.०० | | ऋण फिर्ता (साँवा) | | |
| ख)राजस्व बाँडफाँट | ५१२०८६६.९८ | | ऋणको ब्याज भुक्तानी | | |
| ग)सशर्त अनुदान | | | धरौटी फिर्ता तथा सदरस्याहा | ९९६०००.०० | ९९६०००.०० |
| घ)समपूरक अनुदान | ३९५००००.०० | | विविध खर्च खाताको खर्च | २७३५८८.०० | २७३५८८.०० |
| ङ)विशेष अनुदान | २६६८०००.०० | | प्रकोप व्यवस्थापन कोष खाताको खर्च | १३१४२९२.०० | १३१४२९२.०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| च)रोयल्टी | | | दहत्तर बहत्तर शुल्क बाँडफाँड | ३२३०९३९.६० | ३२३०९३९.६० |
| छ) अन्य | | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| **४.अन्तर सरकारी अख्तियारी (संघ)** | | ७४२८६०९३.०० | अन्य सहयोगमा सञ्चालितयोजना | | |
| क)सामाजिक सुरक्षा | ७४२८६०९३.०० | | अन्य खर्च भएमा | | |
| ख)गरिबसँग विशेश्वर कार्यक्रम | | | अनुदान फिर्ता | | |
| ………….. | | | १.संघ तर्फ | | ४७३०३९४८.६० |
| **५.अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | क) सशर्त अनुदान | ४५१६६४११.६० | |
| **६. ऋण/वित्तीय व्यवस्था** | | | ख) विशेष अनुदान | २१३७५३७.०० | |
| **७.धरौटी आय** | २२५१७५९.०० | २२५१७५९.०० | ग) समपुरक अनुदान | | |
| **८.विविध खर्च खाता आय** | ४३६४९९.८३ | ४३६४९९.८३ | ख) विशेष अनुदान | | |
| **९. प्रकोप व्यवस्थापनकोष आय** | ३०००.०० | ३०००.०० | ग) समपूरक अनुदान | | |
| **१०.विभाज्य कोष** | ३१३००४१.०० | ३१३००४१.०० | २.प्रदेश तर्फ | | ९५००००.०० |
| **११.अन्य कोषको आय** | | | क) सशर्त अनुदान | | |
| **१२. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | ख) विशेष अनुदान | | |
| **१३. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | ग) समपूरक अनुदान | ९५००००.०० | |
| **१४. अन्य आय भएमा** | | | अन्तिम मौज्दात | | ५७३३६७६३.१० |
| | | | १. सञ्चित कोषको मौज्दात | ४८६४५६०२.५७ | |
| | | | २. धरौटी | ३३८९२८९.०० | |
| | | | ३. विविध खर्च खाता | ४६०७०४.५३ | |
| | | | ४.प्रकोप व्यवस्थापन कोष | १७११९२६.०० | |
| | | | ४. अन्य कोष (विभाज्य कोष) | ३१३००४१.०० | |
| **जम्मा** | ५८३६६२१६९.०४ | ५८३६६२१६९.०४ | जम्मा | ५८३६६२१६९.०४ | ५८३६६२१६९.०४ |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको पालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७० अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेस गरेको बैङ्क तथा स्रेस्ताको मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता(ग-४-१) | ४८६४५६०२.५७ | ४८६४५६०२.५७ | ० |
| विविध खर्च खाता (ग-२-७) | ४६०७०४.५३ | ४६०७०४.५३ | ० |
| विपद व्यवस्थापन खाता (ग-७-२) | १७११११२६ | १७११११२६ | ० |
| स्थानीय विभाज्य कोष (ग-६-१) | ३१३००४१ | ३१३००४१ | ० |
| कर्मचारी कल्याण कोष खाता | | | |
| धरौटी (ग-३-१) | ३३८९२८९ | ३३८९२८९ | ० |
| बैङ्क | ५७३३६७६३.१० | ५७३३६७६३.१० | ० |
| | | | |

३ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहायबमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन । जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाइयो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रूपमा कार्यान्वयन गरेको छैन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिई ई-टिडिएस गरेको छ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाइएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क खडा गरेको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाइएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गराएको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.५५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३२,२२,८३७ अर्थात अनुमान भन्दा ४१.४ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

(रकम रु. हजारमा)

| केन्द्रीय अनुदान बाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
| --- | --- | --- |
| ३०१५५८ | ३२२२ | १.०६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

(रकम रु. हजारमा)

| आय शीर्षक | अनुमान (रु.) | असुली(रु.) | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर/मालपोत | १२०० | ४७८ | ३९.८३ |
| वहालकर | २०० | १२० | ६० |
| व्यवसायकर | ० | १२ | |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

८ **दहत्तर बहत्तरको ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) ले दिएको अधिकार प्रयोग गरी देहायका खोलाको नदीजन्य पदार्थ उत्खननको लागि सिलबन्दी दरभाउपत्र आह्वान् गरिएकोमा मिति २०८१।७।३० मा दोस्रो पटक आह्वान गर्दा पनि नपरेकोले २०८१ मंसिर २५ गतेको कार्यपालिकाको बैठकबाट गण्डकी प्रदेश सरकारले तोकेको दररेटको आधारमा राजश्व असुल गर्न सम्बन्धित वार्ड कार्यालयका मौजुदा कर्मचारीबाट गर्ने गरी निर्णय भएकोमा दहत्तर बहत्तरबाट रु.३१,३०,०४१।– दाखिला भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्-

| क्र.स. | खोलाको नाम | उत्खनन् हुने अधिकतम परिमाण | न्युनतम रकम (रु.) |
|---|---|---|---|
| १ | निरन्दी खोला | ५३८५ घ.मि. | १९३४३०६ |
| २ | फुलमादी खोला | ५२०८ घ.मि. | १८७०७२७ |
| ३ | देवसत खोला | ४९६५ घ.मि. | १७८३४४१ |
| जम्मा | | १५५५८घ.मि. | ५५८८४७४ |

तीनवटा नदीबाट न्यूनतम रु.५५८८४७४ असुल गर्ने गरी ठेक्का आह्वान भएकोमा अमानतबाट रु.३१३००४१ मात्र असुल भएकोमा त्यसको कारण स्पष्ट नगरेकोले राजस्वका स्रोतहरूको पहिचान र निगरानी गरी थप प्रभावकारिता ल्याउनुपर्दछ ।

९ **राजश्व बाँडफाँड**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा प्रदेश भित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलनमा लिइने शुल्क तथा लगाइने जरिवाना समेत स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र उक्त कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रु.११०७९७९ रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा सो बमोजिम गरेको नदेखिदा सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने भनी औँल्याएकोमा मिति २०८२।८।१६ मा भौचर नं.८९०५७९४ बाट उक्त रकम गण्डकी प्रदेश सरकारको खातामा पठाएको छ ।

१० **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरूले रु.३२,२२,८३७।- (दहत्तर बहत्तर बाहेक) असुल गरेकोमा त्यसको नियमित भिडान गरेको छैन । नियमानुसार राजस्व भिडान गरी अद्यावधिक गर्नुपर्दछ साथै असुली रकम समयमै दाखिला गरे नगरेको सम्बन्धमा अनुगमन गरेको नदेखिदा नियमित अनुगमन गर्नुपर्दछ ।

११ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ४० हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले अमानतबाट नदीजन्य पदार्थको रु.३१३००४१ राजस्व असुल गरेकोमा मुल्य अभिवृद्धि कर बापतको रु.३,६०,०९३।२२ असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने भनी बेरुजु औँल्याइएकोमा मिति २०८२।८।१६ मा भौचर नं.८९७०५८०३ बाट मु.अ.कर बापतको उक्त रकम संघीय सरकारको खातामा पठाएको छ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।५।१८ मा रु. ४९ करोड ५२ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।६।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१६ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने चालु रु.८ लाख र पुँजीगत तर्फ रु. १३ लाख गरी २१ लाख अवण्डा बजेट व्यवस्था गरी ७ योजनामा खर्च गरेकोले बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्रसं | योजनाकोनाम | बजेट / खर्च |
|---|---|---|
| १ | टुनिकोटे कुलो निर्माण | २००००० |
| २ | चारपाङ्ग्रे गाडी मर्मत | ५००००० |

१७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल २२७ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७८ | ४ | ४९ | २५ |
| २ | वडास्तरीय | १४९ | २ | ४६ | १०१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये २१३ योजनामात्र कार्यान्वयन भई १४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१८ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । जिम्मेवार पदाधिकारीले तोकिएको ढाँचामा बजेट तथा खर्चको वार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

१९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,३६,५९,४७४ पूँजीगत खर्च/खरिद निर्माण कार्य

गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## २० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. ) | खर्च (रु . ) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २७५९८८००.०० | १८४८५६७७.०० | ४.६४ |
| २ | सामाजिक विकास | २९१०८९१९९.०० | २३८२१५०८५.४० | ५९.८६ |
| ३ | पूर्वाधार विकास | ७५८४६०३६.०० | ५४१०३२२९.०० | १३.५९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२२७००००.०० | ९६२५६४४.०० | २.४२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९०९४९६५.०० | ७७५४०९०९.३४ | १९.४८ |
| जम्मा | | ४९५८९९०००.०० | ३९७९७०५४४.७४ | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५९.८६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.४२ प्रतिशत रहेको छ ।

## २१ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु ३२ लाख २२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ३८ करोड ९७ लाख २४ हजार समेत रु ३९ करोड २९ लाख ४६ हजार आम्दानी भएकोमा चालु तर्फ रु २८ करोड ४३ लाख र पूँजिगत तर्फ रु ११ करोड ३६ लाख समेत रु ३९ करोड ७९ लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२ प्रतिशत चालु र २८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २२ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रु ११ करोड ३६ लाख ४९ हजार खर्च गरेकोमा रु. ३ करोड २७ लाख ८४ हजार अर्थात् २८.८५ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. १ करोड ३९ लाख ४९ हजार (१२.२७ प्रतिशत) र उपभोक्ता समितिबाट रु. ६ करोड ६७ लाख १५ हजार (५८.८८ प्रतिशत) को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## २३ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष प्रकोप व्यवस्थापन र विविध खर्च खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु. ३३२०२१०।७० सहित रु.३७५९७१०।५३ आय र रु.१५८७८८० खर्च गरी रु.२१७१८३०।५३ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ। यस सम्बन्धमा कार्य

सञ्चालन कोषमा आइटी अफिसरको तलब र प्रकोप व्यवस्थापन कोषको प्रयोगमा रहेकोले खर्चमा दोहोरो नहुने पालिकाले जनाएको छ ।

## २४ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ११३६५९ | ३१२५ | ५१७१ | २२१७२ | ८३१९० | ५४३०६ |
| प्रतिशत | १०० | २.७६ | ४.५५ | १९.५ | ७३.१९ | ४७.७८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ११ करोड ३६ लाख निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३१ लाख २५ हजार (२.७६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५१ लाख ७१ हजार (४.५५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड २१ लाख ७२ हजार (१९.५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ३१ लाख ९० हजार (७३.१९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ४३ लाख ०६ हजार (४७.७८ पतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## २५ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ तथा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। तर पालिकाले खर्च भएर जाने सामानको जिन्सी निरीक्षण गरेको छैन । खर्च भएर जाने जिन्सी सामानको आ.व. २०८०।८१ को मौज्दात आ.व. २०८१।८२ मा सिस्टममा जिम्मेवारी सरेको नदेखिदा जिन्सी निरीक्षण गरी जिम्मेवारी भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।

## २७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म २ वटा ऐन, ३ वटा नियमावली, २७ वटा कार्यविधि, निर्देशिका ३, मापदण्ड २ लगायत ३९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

२८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ७ गरी कुल ९ विवाद दर्ता भएकोमा ६ वटा मात्र फर्स्यौट भई ३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेकोमा उक्त प्रणाली प्रयोगमा ल्याएको देखिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरूलाई रु.६,३०,२८७।-आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३२ **आयोगको परामर्श**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भएको छ । उक्त ऐनको दफा ९ अनुसार स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम १ जना कर्मचारीको स्तरबृद्धि गरेकोमा आयोगको परामर्श लिएको देखिएन ।

३३ **अवकास कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यस वर्ष सम्म सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था नगरेको कारण चालु वर्ष कर्मचारी कल्याण कोषको लागि विनियोजित रु.५ लाख खर्च नभई मौज्दात रहेकोले अवकास कोषको गठन गरी नियमानुसार कोष सञ्चालन गर्नुपर्दछ ।

३४ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३५ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८क तथा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ७४ समेतमा सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित नगराई गाउँपालिकातर्फका २४ कर्मचारी तथा सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४९ कर्मचारीको रु.१ करोड ४३ लाख ५१ हजार पारिश्रमिक खर्च लेखेको छ । नियमानुसार तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले नियमानुसार तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३६ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।पालिकाले कार्यविधि बेगर गाउकार्यपालिकाको मिति २०८१।११।६ को निर्णयको आधारमा वडा सचिवहरुलाई मासिक ४००० तथा प्राविधिक कर्मचारीलाई १० हजार देखि १५ हजारसम्म अतिरिक्त समय कार्य गरेको भनी रु ५३९००० प्रोत्साहन भत्ता उपलब्ध गराएको छ । स्पष्ट कार्यविधि बनाई यस्तो खर्च गर्नुपर्दछ ।

३७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ सोही अनुसार गाँऊ सभाले मिति २०७९।११।२९ गतेको निर्णयले १२५ जनाको दरबन्दी स्वीकृत भएकोमा लेखापरीक्षण अवधिसम्म १ प्रमुख प्रशासकीय अधिकृत सहित ८९ जना पदपूर्ति भएको देखिन्छ । पालिकामा हाल २६ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । त्यस्तै नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकामा हालसम्मको पेश्की रु.१५६७४६२२ बाँकी रहेको छ । पालिकाले यस वर्ष २ निकाय तथा संस्थालाई दिएको म्याद नाघेको पेश्की रु. १०२०००० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की सहित विगत वर्षको पेश्की समेत नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १०,२०,००० |

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत ६८ दिनले ४७७६ दिन रोजगारी उपलब्ध गराई रु.३१ लाख ९० हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४० **प्रदेश समपुरक कोष**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८७२,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१ **अधुरो कार्य**

(गो.भौ.नं. र मिति ५/०८२।३।२५) पालिका र तिनकन्या निर्माण सेवा बीच प्रदेश विशेष अनुदान अन्तर्गत ठे.नं. १४।०८१।८२ मा बुलिङटार सिँचाई आयोजनाको निर्माण गर्न मिति ०८१।१२।१० मा ०८२।२।३१ सम्म सम्पन्न गर्ने गरी भ्याट सहित रु.३३,४०,६०८।८४ को सम्झौता भएकोमा भौ.नं. ५।०८२।३।०५ मा मूल्याङ्कन बमोजिम रु. २६,६८,०००।- भुक्तानी गरी २०८२।२।३१ मा कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ । Stone masonry को मुख्य काम नै बाँकी रहेको अवस्थामा अधुरो कामको कार्य स्वीकार बनाएको, निर्माण व्यवसायीले कार्यको निरन्तरता नदिएको अवस्थामा पालिकाबाट उक्त कार्य सम्झौता बमोजिम भए नभएको यकिन गरी निर्दिष्ट कार्य सम्पन्न गर्नुपर्दछ ।

४२ **संघीय विशेष अनुदान**

संघीय सरकारबाट प्राप्त विशेष अनुदानबापत रु. १ करोड ४५ लाख बजेट विनियोजन भएकोमा ११ वटा कार्यक्रममा रु. १,२३,६२,४६६।– खर्च भै रु. २१,३७,५३७ फिर्ता भएकोमा लेखापरीक्षणको क्रममा देखिएका थप व्यहोराहरू निम्नानुसार रहेका छन्:

क) विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१ को सि.नं. ३ अनुसार स्थानीय तहले विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा कुल लागत अनुमान २५ लाख रुपैयाँ देखि ३ करोड रुपैयाँ सम्मको सिमा भित्र रहेको हुनुपर्नेमा ११ वटा कार्यक्रममा ३ लाख देखि ३० लाख सम्मको छनौट गरी कार्यान्वयनमा ल्याएकोले निर्देशिका बमोजिम कार्यान्वयन भएको देखिएन ।

ख) कार्यविधिको सि.नं. ४(४) अनुसार कार्यक्रम प्रस्ताव गर्दा स्थानीय तहको हकमा बढीमा ३ वटा सम्म आयोजना प्रस्ताव गर्न सक्नेमा सो बमोजिम विनियोजन नगरी एकमुष्ट रु. १ करोड ४५ लाख विनियोजन भई पालिकाबाटै बाँडफाँड गरेको छ ।

ग) पालिकाबाट रु. ५ करोडको विशेष अनुदान प्रस्ताव गरिएकोमा आ.व. २०८०।८१ मा १ करोड र २०८१।८२ मा १ करोड ४५ लाख गरी २ करोड ४५ लाख प्राप्त भएकोमा आ.व. २०८२।८३ मा रकम प्राप्त भएको देखिएन र दफा १८ बमोजिम २०८२।८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण भएमा प्रस्ताव माग गर्न सकिनेमा त्यस प्रकारबाट पनि माग गरेको तर बजेट नआएको देखिदा उद्देश्य बमोजिम कार्यान्वयनमा आएको देखिएन ।

४३ **अधुरो निर्माण**

संघीय विशेष अनुदानबाट निम्नानुसार अधुरो कार्य निर्माण गर्न कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोमा एकिकृत लागत अनुमान र सोको आधारमा कति कार्य भएको थियो र कुन कार्यमा अधुरो रहेको छ सो विवरण देखिने गरी लागत अनुमान नबनाई सालबसाली लागत अनुमान गराई कार्यान्वियन गर्दा खर्चमा थप पारदर्शिता भएको नदेखिदा एकीकृत लागत अनुमानको आधारमा कार्यक्रम स्वीकृत गरी कार्यान्वियन गर्नुपर्दछ । अधुरो योजनाका उदाहरण निम्नानुसार छन्:

| भौ.नं. र मिति | काम | रकम (रु.) |
|---|---|---|
| ९।०८२।३।९र २०।०८२।३।२५ | जनजागृति मा.वि. अधुरो होस्टल निर्माण | २१८४२८८ |
| १६।०८२।३।२५ | उदय मा.वि. अधुरो भवन निर्माण | ९३५२५४ |
| १८।०८२।३।२५ | तिनकन्या आ. विद्यालय अधुरो भवन निर्माण | ८०२४७८ |
| जम्मा | | ३९२२०२० |

४४ **पेश्की फछ्र्यौट नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की फछ्र्यौट सम्बन्धी व्यवस्था छ । सो बमोजिम तोकिएको समयमा पेश्की फछ्र्यौट गरी सक्नुपर्नेमा नमुना भवन निर्माणको लागि त्रिभुवन माध्यमिक विद्यालयको नाउँमा मिति २०७८।१२।३० मा रु.३०,७९,६२२ र मिति २०७९।३।२५ मा रु. ७१,८५,००० समेत रु १,०२,६४,६२२।– पेश्की दिएकोमा उक्त पेश्की हाल सम्म पनि फछ्र्यौट भएको पाइएन । कार्य प्रगतिको आधारमा फछ्र्यौट समेत भएको नदेखिदा फछ्र्यौट नभएको कारण छानबिन गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४५ **परामर्श सेवा (डीपिआर)**

४५.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने साथै लागत अनुमान तयार गर्दा स्वीकृत नम्स तथा जिल्ला दररेटको आधारमा गर्नुपर्नेमा पालिकाले परामर्शकताबाट दररेट माग गरी स्वीकृत बजेटको आधारमा लागत अनुमान तयार गरेको हुनाले लागत अनुमान यथार्थपरक भए नभएको विषयमा एकिन हुन सकिएन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरिनुपर्दछ ।

| गो.भौ.नं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | कार्यान्वयन भए नभएको |
|---|---|---|---|---|---|
| गा.पा. चालु ७९ | विपद क्षेत्र पहिचानको लागि प्रतिवेदन तयार गर्ने सबै वडा | स्वराज कन्सल्टेन्ट्स प्रा. लि. काठमाण्डौं | २० लाख | १९२६७८५ | डिपिआर प्रतिवेदन पेस भई कार्यान्वयनका लागि बजेट विनियोजन भएको |
| गा.पा. चालु ७७ | मध्यकालिन खर्च संरचना निर्माण | श्री फेनापति कन्सल्टेन्ट प्रा.लि. | ५ लाख | ४७४३६८ | डिपिआर प्रतिवेदन पेस भएको |
| गा.पा. चालु ३१९ | ग्रामिण सडक सञ्जाल गुरुयोजना तयरी | सिभिलिङ्ग कन्सल्ट प्रा.लि. ललितपुर | ८ लाख | ७७१६६५ | डिपिआर प्रतिवेदन पेस भई कार्यान्वयनका लागि बजेट विनियोजन भएको |
| गा.पा. चालु ३१८ | आवधिक योजना अद्यावधिक | श्री एम पि एस म्यानेजमेन्ट एण्ड रिसर्च कन्सल्टिङ्ग प्रा लिकाठमाडौँ | ५ लाख | ४७७८९६ | डिपिआर प्रतिवेदन पेस भएको |
| गा.पा. चालु ३१७ | सेवा र परामर्श प्रशासकीय भवन निर्माण डिपिआर | इग्लु इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. काठमाडौँ | ५ लाख | ४८७३१२ | डिपिआर प्रतिवेदन पेस भई निर्माण कार्यको लागि ठेक्का सम्झौता भएको |
| गा.पा. चालु ७५ | प्रवेशद्वार डिपिआर तयार गर्ने | रुपण इन्जिनियरिङ्ग सोलुसन प्रा लि काठमाडौँ | ३ लाख | २९१८२२ | डिपिआर प्रतिवेदन पेस भएको र बनाउनको लागि यो आ.व. मा बजेट विनियोजन भएको |
| गा.पा. चालु ७६ | सुनझाक्री गुफा डिपिआर निर्माण | मरिन इन्जिनियरिङ्ग सोलुसन प्रा लि भक्तपुर | ५ लाख | ४९३९४९ | डिपिआर प्रतिवेदन पेस भई कार्यान्वयनका लागि बजेट विनियोजन भएको |
| गा.पा. चालु १९ | डिजिटल भिलेज प्रोफाइल | फोर जि इन्जिनियरिङ्ग प्रा लि | २० लाख | १९९३३२० | डिपिआर प्रतिवेदन पेस भएको र कार्यान्वयनमा रहेको |
| जम्मा | | | | ६९१७११७ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।परामर्श सेवा खरिद तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले परामर्श सेवा खरिद गर्दा दक्ष जनशक्तिको अभाव भएको कारण परापर्शदाताबाट सेवा खरिद गर्नु परेको भन्ने जवाफ दिएतापनि यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजना उद्वेश्य बमोजिम कार्यान्वयन गरिनुपर्दछ ।

४५.२ **डिजिटल भिलेज प्रोफाइल:** (गो.भौ.नं. र मिति १९।०८१।९।२६) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(२क) बमोजिम आ.व. २०८०।८१ को कार्यक्रममा रु.२० लाख डिजिटल भिलेज प्रोफाइल निर्माणको लागि बजेट विनियोजन भई गाउँसभाबाट अनुमोदन भएकोमा मिति २०८०।१०।११ मा मु.अ.कर सहित रु.१९,९८,८५२।४८ को लागत अनुमान स्वीकृत गरी आर.एफ.पि. मार्फत फोर जि इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. कुपण्डोल ललितपुर सँग रु.१९,९३,३२०।– (भ्याट सहित) मा मिति

२०८१।३।५ सम्म म्याद रहेकोमा विविध कारणले म्याद थप भएको देखिन्छ । थप भएको म्यादभित्र फोर जि इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. बाट पेस भएको प्रतिवेदन कार्यपालिकाको २०८१।९।२१ को निर्णय नं. ५ अनुसार प्रतिवेदन स्वीकृत गरी भुक्तानी दिने निर्णय बमोजिम रु.१९,९३,३२०।– भुक्तानी गरेको छ । यद्यपी Web Based Digital profile system TOR बमोजिम हुनुपर्ने व्यहोरा सम्झौताको सि.नं. ६ मा उल्लेख भएबमोजिम हुनुपर्ने उल्लेख भएकोमा प्रोफाइलको TOR बमोजिम कार्यसम्पादन सम्बन्धमा कसले गर्ने उल्लेख नभएकोमा डिजास्टर रिकभरी कार्यालय हेटौडाबाट कम्प्युटर अधिकृत प्रदीप भट्टराईबाट कार्यसम्पादन प्रतिवेदन पेस भएको छ । पालिकामा सूचना प्रविधि अधिकृत रहेको अवस्थामा निजलाई मर्मत सम्भारको कार्य गर्ने गरी व्यवस्थापन गर्नुपर्नेमा सम्झौता बमोजिम प्रोफाइल सम्पन्न पश्चात सम्झौता रकमको १२.५ प्रतिशत वार्षिक रूपमा उपलब्ध गराउनुपर्ने गरी वार्षिक रु. २ लाख ५० हजार थप व्ययभार पर्ने देखिदा प्रोफाइलको दिगो उपयोगिताको सुनिश्चितता हुनेगरी उपयोग हुनुपर्दछ ।

४५.३ **विपद क्षेत्र पहिचानको लागि प्रतिवेदन तयारी:** (गो.भौ.नं. र मिति ७९।०८२।३।२४) बुलिङटार गाउँपालिका अन्तर्गतका १ देखि ६ सम्मका वडाहरूमा विपद क्षेत्रको पहिचान गर्नको लागि प्रस्ताव आह्वान् गरी मिति २०८१।१२।१७ मा मिति २०८२।३।१६ सम्म सम्पन्न गर्ने गरी लागत अनुमान अनुसार स्वराज कन्सल्टेन्सी प्रा.लि. काठमाडौँसँग रु.१९,२६,७८५।६० (भ्याट सहित) मा सम्झौता भई भुक्तानी भएको छ । तर सम्झौता पत्रमा कार्यक्षेत्रगत शर्त (TOR) मा १४७.६८ वर्ग कि.मि. मा फैलिएको पालिकाको कुन स्थानमा कसरी डाटा संकलन गर्ने र कस्तो प्रकारको विपदको पहिचान कसरी गर्ने स्पष्ट विधि खुलाएको छैन । त्यसै गरी प्रतिवेदनमा नक्सा, घरधनीको विवरण र विपदको स्थानसमेत खुलाई पेस गरेको छ तर वास्तविक पहिचान र त्यसको निराकरणको लागि सुझाव पेस नभएको प्रतिवेदन कार्यपालिकाको २०८२।३।१९ को निर्णय नं.४ बाट स्वीकृत भएकोमा त्यसको कार्यान्वयनको सुनिश्चितता हुनुपर्ने रु.

विपद सम्बन्धी १७ वटा जोखिम क्षेत्र पहिचान गरी आ.व. २०८२।८३ मा ६ वटामा बजेट समेत विनियोजन भएकोले अन्य क्षेत्रमा क्रमिक रुपले बजेट विनियोजन गरिने पालिकाले जनाएको छ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,२६,७८५.६ |

४६ **औषधी खरिद**

४७ **कम्प्युटर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५८२,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४८ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। निर्माण कार्यको लागत अनुमान गर्दा छुट्याएको ३ प्रतिशत कन्टिन्जेन्सी बापत रु.६४२३९५ खर्च गरेको छ ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे

बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

## ४९ सवारी साधन सुविधा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ५० करार शिक्षक छनौट परिक्षा

पालिकाले करार शिक्षक छनौट परीक्षा संचालन गर्न रु ५ लाख बजेट विनियोजन गरी भौचर नं ३१३।३।२४ बाट बैठक भत्ता तथा विषय विज्ञको यातायात खर्च, खाना तथा खाजामा रु १८२६५० खर्च गरेको देखिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो वेवसाईटमा करार शिक्षक नियुक्त गर्न मिल्ने गरी शिक्षकको रोष्टर राखेको अवस्थामा यसरी खर्च गर्दा पालिकाको शिक्षा शाखालाई कार्यबोझ सृजना हुने तथा मितव्ययी पनि नहुने भएकाले रोष्टरमा भएको सूचीबाट उपयुक्त शिक्षकलाई करारमा नियुक्त गर्ने व्यवस्था भएमा मितव्ययी हुने देखिन्छ ।

## ५१ मर्मत सम्भार खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. ३२ लाख ३० हजार बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा जम्मा रु. २१ लाख १६ हजार खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ५२ अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको टाढँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक दैनिक भ्रमण खर्चमा रु.११००००० , सरुवा भ्रमण खर्चमा रु.१५०००० र अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षक रु.५००००० समेती जम्मा १७५०००० बजेट विनियोजन गरेकोमा रु.१५७२००० खर्च लेखेको छ तर भ्रमणको उद्देश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण अधिकांशमा राखेको छैन।जसले गर्दा अनुगमन तथा

भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा अनुगमन मूल्याङ्कन शिर्षकमा विनियोजन भएको रु. ५ लाख मध्ये रु.४४५००० खर्च भएकोमा सो खर्च ठेक्काहरुको मूल्याङ्कन गर्ने बैठकहरु बस्दाको भत्तामा खर्च भएको जनाएको छ ।

**५३ इन्धन खर्च**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा १० को उपदफा १, २ र ३ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याई खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि कार्यालय प्रयोजन, पदाधिकारी तथा ब्याकू लोडर लागि रु.२५ लाख बजेट विनियोजन गरी कार्यालय प्रयोजनका लागि रु.५२१००० र जेसिबी को लागि १४८७००० समेत रु.२००८००० आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको पाइयो। कार्यालयले PAMS को v2 मा प्रविष्ट गरी कुपन प्रयोग मार्फत खर्च गरेको नदेखिएको साथै ईन्धन खर्चको लागि आवश्यक पर्ने कार्यविधि बनाएको समेत छैन भने यसको एकीकृत लगत राखेको समेत देखिएन । यसरी ईन्धनको मितव्ययी किसिमले प्रयोग भएको नदेखिदा कार्यविधि बनाई PAMS को v2 बाट निकालिएको कुपनको प्रयोग गरी सवारी साधनको लगबुकको आधारमा खर्चमा मितव्ययिता ल्याउने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**५४ अनुत्पादक खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालिका शीर्षकबाट रकम भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ । केही उदाहरण

| भौ.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| ३।२०८१।६।२२ | अरुणदोय यूवा क्लव | खेलकुद प्रतियोगिता | २९३९१५ |
| ३०३।३।२३ | नेपाल जेसीस गौडाकोट | वार्षिक अधिवेशन | ८०५० |

**५५ विविध खर्च**

पालिकाले यो वर्ष विविध शीर्षकमा रु ७ लाख विनियोजन गरी रू.५ लाख ८७ हजार विविध कार्यक्रममा खर्च गरेको छ । पालिकाले त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रम, कार्यालयमा हुने विभिन्न समितिको बैठकको खाजा तथा खाना जस्ता कार्यमा रकम खर्च भएको जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गर्न खर्चको मापदण्ड निर्माण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

**५६ शैक्षिक सामग्री खरिद**

सार्वनजिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सामग्री खरिद गर्नका लागि उपभोक्ता समिति गठन गर्ने नुहने व्यवस्था छ । पालिकाले चालु तर्फको भौचर नं २।२०८१।६।२२ बाट शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापन आवश्यक सामग्री खरिदका लागि उपभोक्ता समिति गठन गरी प्राविधिक धार संचालन भएको शिव मा विलाई पंखा, आइसिटि ल्यावका लगि कम्प्युटर लगायतका सामग्री खरिद गर्न रु ८२२८०६ विद्यालयको खातामा पठाएकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,२२,८०६ |

**५७ उपभोक्ता समितिमार्फतको कार्य**

५७.१ प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५७.२ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २०९/८२।३।२४ | नेपाल मगर संघ | भवन | १४४३३३५ |
| २०३/८२।३।२४ | सृजना आमा समूह | भवन | ४७७६९४ |
| ३२/८१।११।४ | जनजागृति मा.वि. | होस्टल निर्माण | ११६४००० |

नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनुपर्दछ ।

५८ **राजस्व**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

५९ **प्रति विद्यार्थी लागत अनुदान**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय¸ शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१। ८२ को क्रियाकलाप नं. २.७.१३.५० को उपक्रियाकलाप नं २.६ मा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदानको रूपमा शिक्षण सिकाई सामग्री¸ ल्याब असिष्टेण्टको लागि पारिश्रमिक¸ उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि भौ.नं. ६२/मिति २०८१।१२।२५ बाट प्रति विद्यार्थी रु. १५००० का दरले जनजागृति मा.वि. लाई रु. ९९०००० अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ:

५९.१ **विद्यार्थी निर्वाह खर्च:** उक्त उपक्रियाकलापको बुँदा नं. (ख) बमोजिम व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउनुपर्नेमा कक्षा १० का १६ जना विद्यार्थीलाई रु.४८००० र कक्षा १२ का १९ जना विद्यार्थीहरूलाई रु. ११४००० भरपाई गरी वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,६२,००० |

५९.२ **जिन्सी सामग्री दाखिला-** तथा दाखिला:विद्यालयले माहाङ्काल एग्रो मेशिनरी बाट Grass timmer थान-१, HDPE pipe 32 mm २ पिस, कुटो ४० पिस समेतका रु.१८८८७९ मुल्य बराबरका जिन्सी सामग्री तथा रु.११०४४८ मूल्य बराबरका बाली विज्ञानको कक्षा

९ को १७ थान, कक्षा १० को १६ थान, कक्षा ११ को १५ थान र कक्षा १२ को २० थान पाठ्यपुस्तक समेत खरिद गरेकोमा जिन्सी दाखिला समेत गरेको नदेखिदा विद्यालयमा जिन्सी दाखिला गर्नुपर्दछ ।

६० **निशुल्क पाठ्यपुस्तक अनुदान**

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदानका लागि विद्यालयले माग गरेका विद्यार्थी संख्यासहित रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकममा मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले विद्यालयबाट प्राप्त माग फारम तथा शैक्षिक सत्र २०८१ को IEMIS तथ्याङ्कलाई आधार मानी ७५ प्रतिशत र विद्यालयहरूले पेश गरेको पाठ्यपुस्तकको बिल तथा विद्यार्थीले पुस्तक बुझेको भरपाई समेतलाई आधार मानी नपुग रकम गरी ४१ वटा विद्यालयलाई जम्मा रु.३९११९५५ निशुल्क पाठ्यपुस्तकबापत निकासा दिएकोमा IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण प्रमाणित गरी राखेको देखिएन । सत्यापन नहुँदा वास्तविक विद्यार्थी संख्याको आधारमा रकम निकासा भए नभएको सम्बन्धमा यकिन हुन सकेन । IEMIS मा प्रविष्ट तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन (Verification) गराई सत्यापित यथार्थ विवरण अनुसार रकम निकासा गर्नुपर्दछ।

६१ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालयहरू | २५० | २५० | ८२ | २५२३ |

शिक्षक दरबन्दी बमोजिम स्थायी शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

६२ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)**

६२.१ (भौ.नं. र मिति १२४/२०८२।३।१७) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम राजस्व दाखिला गर्ने,त्यसरी बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरू सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह,बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउने र त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले मिति २०८२।२।३ देखि २०८२।२।१२ सम्म बुलिङटार गाउँपालिका वडा नं २ मा सञ्चालित १० दिने डलकुशन सिप विकास तालिम सञ्चालन गरी रु.१६१९३० खर्च लेखेकोमा उक्त तालिमबाट तयार भएका डल कुशन समेतका तयारी वस्तुहरूको सम्बन्धमा स्पष्ट अभिलेख राखी कार्यविधि बमोजिम व्यवस्थापन गरेको देखिएन । तालिम पश्चात तयार भएका सामान वा वस्तुको अभिलेख राखी कार्यविधि बमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

६२.२ **प्रविधि हस्तान्तरणमा लागत सहभागिता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को नियम ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: पचास, पैंतालिस र चालीस हुनुपर्ने, शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३ मा शिक्षक दरबन्दी मिलान गर्दा हिमाल, पहाड र तराईका लागि शिक्षक विद्यार्थी अनुपात क्रमश: चालिस, पैचालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचानको आधारको रूपमा लिने व्यवस्था छ । त्यसैगरी सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ को दफा ५ मा समेत विद्यालय समायोजन एवं एकीकरणका आधारहरू रहेका छन् । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ:

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | राहत/ करार | | |
| १ | शिव मा वि | बुलिङटार -६ | १-१० | १७ | १७ | ९ | ८ | २६० | १:१५ |
| २ | रामशाह आवि | बुलिङटार -६ | १-७ | ७ | ७ | ५ | २ | ५७ | १:८ |
| ३ | कामधेनुप्रा वि | बुलिङटार -६ | १-५ | ४ | ४ | ३ | १ | ३० | १:८ |
| ४ | विष्णु उदयप्रा वि | बुलिङटार -६ | १-४ | ३ | ३ | २ | १ | १० | १:३ |
| ५ | शिक्षाज्योतिप्रा वि | बुलिङटार -६ | १-३ | २ | २ | | २ | १७ | १:९ |
| ६ | उदय मा वि | बुलिङटार -५ | १-१० | १५ | १५ | ९ | ६ | १६० | १:११ |
| ७ | गोरखनाथ आवि | बुलिङटार -५ | १-८ | ८ | ८ | ६ | २ | ६९ | १:९ |
| ८ | सरस्वतीप्रा वि | बुलिङटार -५ | १-५ | ४ | ४ | ३ | १ | १८ | १:५ |
| ९ | शिशुआश्रमप्रा वि | बुलिङटार -५ | १-५ | २ | २ | | २ | १२ | १:६ |
| १० | सेतीनाग मावि | बुलिङटार -४ | १-१० | १३ | १३ | ८ | ५ | २३८ | १:१८ |
| ११ | गोरखकालिकामा वि | बुलिङटार -४ | १-१० | १३ | १३ | ९ | ४ | १४६ | १:११ |
| १२ | देवचुली आवि | बुलिङटार -४ | १-८ | ७ | ७ | ५ | २ | ९७ | १:१४ |
| १३ | तीनकन्या आवि | बुलिङटार -४ | १-८ | ७ | ७ | ६ | १ | ६७ | १:१० |
| १४ | रम्भादेवीप्रा वि | बुलिङटार -४ | १-५ | ५ | ५ | ४ | १ | ६३ | १:१३ |
| १५ | सूर्य किरणप्रा वि | बुलिङटार -४ | १-५ | ४ | ४ | ४ | | २७ | १:७ |
| १६ | सिद्दबाबाप्रा वि | बुलिङटार -४ | १-४ | १ | १ | १ | | १२ | १:१२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | नागढुंगाप्रा वि | बुलिङटार -४ | १-३ | १ | १ | | १ | १० | १:१० |
| १८ | दुर्गामाताप्रा वि | बुलिङटार -४ | १-२ | १ | १ | १ | | ७ | १:७ |
| १९ | त्रिभुवनमा वि | बुलिङटार -३ | १-१२ | २३ | २३ | २० | ३ | ४८० | १:२१ |
| २० | कालीगण्डकीप्रा वि | बुलिङटार -३ | १-५ | ४ | ४ | ३ | १ | २७ | १:७ |
| २१ | बुद्दिविकासप्रा वि | बुलिङटार -३ | १-५ | ५ | ५ | ४ | १ | ३८ | १:८ |
| २२ | ज्ञानोदयप्रा वि | बुलिङटार -३ | १-५ | ५ | ५ | २ | ३ | ३१ | १:६ |
| २३ | देवाचुलीप्रा वि | बुलिङटार -३ | १-५ | ४ | ४ | ४ | | १४ | १:४ |
| २४ | वालविद्यामन्दिर प्रा वि | बुलिङटार -३ | १-५ | ७ | ७ | ३ | ४ | ५७ | १:८ |
| २५ | जनउत्थानप्रा वि | बुलिङटार -३ | १-४ | २ | २ | २ | | ९ | १:५ |
| २६ | देववडाचुलीमा वि | बुलिङटार -२ | १-१० | १४ | १४ | १० | ४ | ७० | १:५ |
| २७ | जीवनज्योतिआ वि | बुलिङटार -२ | १-८ | ६ | ६ | ३ | ३ | २० | १:३ |
| २८ | झेरीखण्डेआ वि | बुलिङटार -२ | १-८ | ५ | ५ | ४ | १ | ३८ | १:८ |
| २९ | जनप्रिय आवि | बुलिङटार -२ | १-७ | ३ | ३ | ३ | | ११ | १:४ |
| ३० | शहिदशुक्रप्रा वि | बुलिङटार -२ | १-५ | ४ | ४ | १ | ३ | ९ | १:२ |
| ३१ | कालीगण्डकीप्रा वि | बुलिङटार -२ | १-५ | १ | १ | | १ | बालविकास | |
| ३२ | दिपेन्द्रप्रा वि | बुलिङटार -२ | १-५ | २ | २ | २ | | ६ | १:३ |
| ३३ | सरस्वतीप्रा वि | बुलिङटार -२ | १-५ | ३ | ३ | ३ | | २६ | १:९ |
| ३४ | गोरखनाथप्रा वि | बुलिङटार | १-२ | १ | १ | | १ | २ | १:२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | -१ | | | | | | | |
| ३५ | छत्तीसादेवी मा वि | बुलिङटार -१ | १-१० | १४ | १४ | १२ | २ | १६८ | १:१२ |
| ३६ | जनजागृतिमा वि | बुलिङटार -१ | १-१० | २१ | २१ | ७ | १४ | १७३ | १:८ |
| ३७ | कालिकाप्रा वि | बुलिङटार -१ | १-५ | ३ | ३ | ३ | | १० | १:३ |
| ३८ | महेन्द्रप्रा वि | बुलिङटार -१ | १-५ | ३ | ३ | ३ | | ६ | १:२ |
| ३९ | सृजना प्रावि | बुलिङटार -१ | १-४ | ४ | ४ | ४ | | १९ | १:५ |
| ४० | वाल विकासप्रा वि | बुलिङटार -१ | १-४ | १ | १ | | १ | ४ | १:४ |
| ४१ | जनमैत्रीप्रा वि | बुलिङटार -१ | १-३ | १ | १ | | १ | ५ | १:५ |
| | जम्मा | | | २५० | २५० | १६८ | ८२ | २५२३ | १:१० |

पालिकाको सामुदायिक विद्यालयहरूमा औषत शिक्षक विद्यार्थी अनुपात १:१० रहेको देखिन्छ । जसमा त्रिभुवन मा.वि. को सबैभन्दा बढी १:२१ तथा शहिदशुक्र प्रा.वि., गोरखनाथ प्रा.वि. र महेन्द्र प्रा.वि. को सबैभन्दा कम १:२ रहेको देखिन्छ ।

६४ **रात्रीकालिन सेवा बापतको भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ५ मा यस नियमावली बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल¸ भरपाई¸ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा १० जना नर्सिङ कर्मचारीले रात्रीकालिन सेवा दिएबापत प्रतिरात रु. १५० का दरले गो.भौ.नं. १५६ बाट रु.१८७८०० (कर बाहेक) भत्ता दिएको छ । रात्रीकालिन सेवा गरेको देखिने डिउटी अभिलेख तथा ई हाजिरी समेतको स्पष्ट अभिलेख राखी यस्तो खर्च गर्नुपर्दछ।

६५ **मेडिकल अधिकृतलाई थप भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ५ मा यस नियमावली बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल¸ भरपाई¸ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले मातहतका प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृतहरूलाई स्वास्थ्य सेवा नियमावली २०५५ बमोजिम हप्तामा ४० घण्टा भन्दा बढी काम गरेबापत अतिरिक्त सेवा बिदा पाउनेमा बिदा लिन नपाए बापत अतिरिक्त सेवा गरेबापत दैनिक रु.१००० का दरले भत्ता प्रदान गरेको छ । तर के कति अतिरिक्त समय सेवा गरेको भन्ने देखिने स्पष्ट अभिलेख समेत राखेको छैन । अत: अतिरिक्त समय कार्य गरेको स्पष्ट अभिलेख राखी नियमावलीमा भएको व्यवस्था बमोजिम यस्तो खर्च गर्नुपर्दछ ।

| भौ.नं.र मिति | नाम | अतिरिक्त सेवा गरेबापत | | | |
|---|---|---|---|---|---|
| | | दिन | दर | जम्मा | १५ %कर पछि |
| ४०।११।५ | डा अर्जुन सापकोटा | १४७ | १००० | १४७००० | १२४९५० |
| ५९।१२।१९ | डा अर्जुन सापकोटा | ३५ | १००० | ३५००० | २९७५० |
| १५६।३।२५ | डा. अभिशा अधिकारी | ८३ | १००० | ८३००० | ७०५५० |
| जम्मा | | | | २६५००० | २२५२५० |

६६ **जडानको प्रमाण**

(भौ.नं. र मिति १३४/२०८२।३।२१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत साधन र सम्पत्तिको समुचित उपयोग सुनिश्चित हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । नयाँ तरकारी पकेट विकास कार्यक्रम अन्तर्गत सिँचाई कार्यका लागि रम्भादेवी कृषि तथा पशुपंशी समूहमार्फत देहायका सामग्री खरिद भएकोमा उक्त सामग्रीहरू जडान तथा प्रयोगमा आएको प्राविधिक मूल्याङ्कन समेतको कार्य सम्पन्न प्रतिवेदन पेस भएको नदेखिँदा जडान भई प्रयोगमा आएको प्रमाण पेस गर्नुपर्ने रु.

| सामग्रीको विवरण | परिमाण | मूल्य (रु.) |
|---|---|---|
| HDPE pipe PN 12.5 25 mm | ९०० मिटर | ४८३०८ |
| HDPE pipe PN 10 40 mm | ४०० मिटर | ४२५८४ |
| जम्मा | | ८९८९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,८९२ |

६७ **अनुदानको अनुगमन मूल्याङ्कन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष ९ कार्यक्रममा ८ कृषि फर्म तथा सहकारी संस्था तथा ५ व्यक्तिहरुलाई १९ लाख ११ हजार विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन ।केही उदाहरणः

| क्र.सं. | अनुदान दिएको संस्थाको नाम र ठेगाना | अनुदान विषय | अनुदान रकम | अनुदानको उपयोगको अवस्था |
|---|---|---|---|---|
| १ | रम्भादेवीकृषि तथा पशुपन्छी समूह | तरकारी पकेट विकास कार्यक्रम | ३९४११६।- | आलु र तरकारी खेतिलाई निरंतरता दिदै उत्पादनमा वृद्धि |
| २ | गणपति कृषितथा पशुपालन समूह | तरकारी पकेट विकास कार्यक्रम | २४८३६५।- | लहरे तरकारी खेति |
| ३ | सिंगुवाकृषि तथा पशुपन्छी कृषक समूह | सिँचाई तथा तरकारी खेति | १८३,३८६।- | सिँचाईको प्रयोग गरि तरकारी खेतिलाई निरन्तर्ता दिएको |
| ४ | रानी पोखरीकृषि फर्म | अकवरे खुर्सानी खेति | ३३५८२।- | प्रविधिको प्रयोग गरि अकवरे खुर्सानी उत्पादन र विक्री |
| ५ | रम्भादेवीकृषक तथा पशुपन्छी समूह | तरकारी खेति | ४७,९६३।- | सामुदायीक तरकारी खेति गर्दै आएको |
| ६ | ठुलो कृषितथा पशुपालन फर्म | कृषि कार्यक्रमका (वडा स्तरीय वजेट), वडा-५ | ६६,७८७.५।- | सुन्तला कागति वगैचा सुदृढीकरण तथा मलजल गरि उत्पादनमा वृद्धि |
| ७ | करमकोटकृषि तथा पशु फर्म | कृषि कार्यक्रमका (वडा स्तरीय वजेट), वडा-५ | ६६,८३२.५।- | सुन्तला कागति वगैचा सुदृढीकरण तथा मलजल गरि उत्पादनमा वृद्धि |
| ८ | सयपत्रीमहिला कृषक समुह | सिँचाई तथा तरकारी खेति | १८६८९७।- | सिँचाईको प्रयोग गरि तरकारी खेतिलाई निरन्तर्ता दिएको |
| ९ | ५ कृषिसमूहलाई धानको वीउः | खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा अनुदान कार्यक्रम | ६८३६६१ | धान उत्पादनमा वृद्धि भई चामल आयातमा कमी भएको । |
| | | जम्माअनुदान रकम | १९११५८९ | |

अनुदान वितरण गर्दा सकभर दर्ता भएको कृषक समूहलाई दिनुपर्दछ तथा वितरित अनुदानको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरि बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।

## ६८ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले नबिल बैङ्क लि. बुलिङ्टार शाखामार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा बापत रु. ७,४२,८६,०९३ उक्त बैङ्कमा लाभग्राहीको खातामा जम्मा गर्ने गरी खर्च लेखेकोमा मृत्यु तथा अन्य कारणले खाता सक्रिय नभई रु.७३६५८ बाँकी भएको रकम फिर्ता भएको देखिदा हरेक त्रैमासिकमा पालिकाले खर्च लेखेको र सम्बन्धित व्यक्तिको खातामा गएको रकम भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बुलिङटार गाउँपालिका, नवलपुर , बुलिङटार गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामचन्द्र भुषाल | २०८०-५-१९ | २०८२-०५-११ |
| लेखा प्रमुख | बाबुराम तिवारी | २०७७-१२-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११२,८०० | १,४८४,८०६ | ३,४७१,४२२.६ | ० | ० | १,०२०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,०८९,०२८.६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,०६७,५४५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,०२१,४८३.६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६२३५४४९७.५५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३३११७६०० | चालु खर्च | २८४३११०७०.७ |
| प्रदेश सरकारबाट अनुदान | १६८९५००० | पूँजीगत खर्च | ११३६५९४७४ |
| राजश्व बाँडफाँट | ८६२४९२९८.२४ | वित्तीय/अन्य व्यवस्था | १२८३५४८६१.२ |
| आन्तरिक आय | ३२२२८३७.८२ | | |
| अन्य आय | ८१८२२९३५.४३ | | |
| कुल आय | ५२१३०७६७१.४९ | कुल खर्च | ५२६३२५४०५.९ |
| बाँकी मौज्दात | | ५७३३६७६३.१४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं./आर्थिक संकेत | विवरण | चालु आ.व. को कारोबार | | गत आ.व.को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ८,५४,७१,७९३.०७ | ८,५४,७१,७९३.०७ | ७,८१,१६,८७९.३१ | ७,८१,१६,८७९.३१ |
| १३००० | अनुदान | ३०,१७,५८,६५१.४० | ३०,१७,५८,६५१.४० | २७,८४,८५,०२८.६० | २७,८४,८५,०२८.६० |
| १४००० | अन्य राजस्व | ५७,०३,७९२.३२ | ५७,०३,७९२.३२ | ४५,५९,६६०.५४ | ४५,५९,६६०.५४ |
| १५००० | विविध प्राप्ति | १२,०९३.०० | १२,०९३.०० | १,२४,९२२.०० | १,२४,९२२.०० |
| क | **कुल जम्मा प्राप्ति** | ३९,२९,४६,३२९.७९ | ३९,२९,४६,३२९.७९ | ३६,१२,८६,४९०.४५ | ३६,१२,८६,४९०.४५ |
| ३ | चालु | २८,४३,११,०७०.७४ | २८,४३,११,०७०.७४ | २६,५०,३५,३४८.२८ | २६,५०,३५,३४८.२८ |
| २१००० | पारिश्रमिक / सुविधा | २०,१९,१७,५९०.७४ | २०,१९,१७,५९०.७४ | १७,३४,१९,२०९.२८ | १७,३४,१९,२०९.२८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ४,७१,७३,४७९.०० | ४,७१,७३,४७९.०० | ५,५४,८१,३८३.०० | ५,५४,८१,३८३.०० |
| २५००० | सहायता (Subsidy) | १,५८,४४,८९८.०० | १,५८,४४,८९८.०० | १,७९,५२,१०७.०० | १,७९,५२,१०७.०० |
| २६००० | अनुदान | १,०४,४८,४५४.०० | १,०४,४८,४५४.०० | १,१५,९२,५०९.०० | १,१५,९२,५०९.०० |
| २७००० | सामाजिक सुरक्षा | ८३,५७,६४९.०० | ८३,५७,६४९.०० | ५८,९२,०४०.०० | ५८,९२,०४०.०० |
| २८००० | अन्य खर्च | ५,६९,०००.०० | ५,६९,०००.०० | ६,९८,१००.०० | ६,९८,१००.०० |
| ४ | पूंजीगत | ११,३६,५९,४७४.०० | ११,३६,५९,४७४.०० | १०,४७,०४,२५४.०० | १०,४७,०४,२५४.०० |
| ३१११० | भवन तथा संरचना | १,१५,२१,७८९.०० | १,१५,२१,७८९.०० | १,५२,११,३६१.०० | १,५२,११,३६१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५५,४१,३९७.०० | ५५,४१,३९७.०० | ४२,९७,०३४.०० | ४२,९७,०३४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३४,२६,३२०.०० | ३४,२६,३२०.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ९,२३,२७,३३७.०० | ९,२३,२७,३३७.०० | ८,४९,९६,२४३.०० | ८,४९,९६,२४३.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ७,९३,१३१.०० | ७,९३,१३१.०० | ० | ० |
| ३१२२० | मौज्दात सामानहरु | ४९,५००.०० | ४९,५००.०० | १,९९,६१६.०० | १,९९,६१६.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ३९,७९,७०,५४४.७४ | ३९,७९,७०,५४४.७४ | ३६,९७,३९,६०२.२८ | ३६,९७,३९,६०२.२८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (५०,२४,२१४.९५) | (५०,२४,२१४.९५) | (८४,५३,१११.८३) | (८४,५३,१११.८३) |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ६,४८०.२३ | ६,४८०.२३ | ५०,२७,९७१.३० | ५०,२७,९७१.३० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (५०,१७,७३४.७२) | (५०,१७,७३४.७२) | (३४,२५,१४०.५३) | (३४,२५,१४०.५३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,२३,५४,४९७.८२ | ६,२३,५४,४९७.८२ | ६,५७,७९,६३८.३५ | ६,५७,७९,६३८.३५ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,७३,३६,७६३.१० | ५,७३,३६,७६३.१० | ६,२३,५४,४९७.८२ | ६,२३,५४,४९७.८२ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक सख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।